सेन्टर फर मिडिया रिसर्च – नेपाल

# नीति पत्र

नीति पत्र शृङ्खला नं. ३९

असार, २०८०

# सूचना सदाचार र सूचनाको हक

श्रीराम पौडेल

## परिचय

सूचना प्रविधिको विस्तार र प्रयोग सर्वव्यापी हुँदै जाँदा सूचनाको आयतन र कारोवारमा व्यापक वृद्धि भएको छ । सूचनाको स्वामित्व शक्तिको स्रोतका रूपमा लिइन्छ र लोकतान्त्रिक प्रणालीमा त्यो शक्ति बाँडफाँट गर्ने क्षमता हुन्छ । सूचना स्वतन्त्रताको अनुभूति तब हुन्छ जब नागरिकले खुलारूपमा त्यसको आदान-प्रदान गर्न सक्छन् । लोकतन्त्र, नागरिकको सक्रिय सहभागितामा निर्भर रहन्छ र सहभागिता त्यस प्रणालीप्रति विश्वास र सार्वजनिक हितसँग जोडिएको हुन्छ । यसले नागरिक र राज्यबीचको सामाजिक सम्झौता सम्बन्धलाई दर्शाउँछ भने यसको कसी सही जानकारी र सूचनाको प्रवाहमा निर्भर हुन्छ ।[१]

त्यसैले सूचना सदाचार (Information Integrity)[२] लाई स्वस्थ लोकतन्त्रको महत्वपूर्ण कसीको रूपमा लिइन्छ । पछिल्लो अवस्थामा वस्तुनिष्ठ, तथ्यपरक एवं विश्वसनीय सूचना भन्दा मिथ्या सूचनाको प्रवाह बढ्दै गएको सन्दर्भमा सरकार र सार्वजनिक महत्वका सूचनाबारे जानकारी दिन सरकारी निकायको जिम्मेवारी र जवाफदेही पक्ष महत्वपूर्ण छ ।

त्यसैले सूचनामाथि भर पर्न सक्ने अवस्था वा विश्वसनीयताको अवस्था जसमा सूचनाको विषयवस्तु, प्रक्रिया र प्रणालीको शुद्धता, स्थिरता र विश्वसनीयता पक्ष महत्वपूर्ण बन्दै गएका छन् । नेपालको संविधानले सूचनाको हकको प्रत्याभूत र कार्यान्वयन र यसको प्रचलन फराकिलो पार्दै गएको सन्दर्भमा सूचना सदाचारको विषय उत्तिकै महत्वपूर्ण बनेको छ । एकातर्फ नागरिकले सूचना मागे वा नमागे पनि सार्वजनिक निकायले आफ्ना गतिविधि अध्यावधिक रूपमा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाको हकसम्बन्धी कानुनले निर्दिष्ट गरेको प्रावधान सन्तोषजनकरूपमा कार्यान्वयन भएको पाइँदैन । अर्कोतर्फ नागरिकले आफ्नो चासोको विषयमा माग गरेका सूचना कतिपय अवस्थामा सहज ढङ्गले प्राप्त गर्न सकेका छैनन् ।

१ NDI, 2018

२ Information Integrity को एउटै शाब्दिक रूपान्तरण नभएपनि नेपालीमा 'सूचना सदाचार' को रूपमा लिइएको छ । यसलाई सूचनाको प्रामाणिकता, सत्यनिष्ठता वा अविभाज्यता भन्ने अर्थमा बुझ्न सकिन्छ ।

प्राप्त गरेकै सूचनामा भर पर्न नसकिने अवस्था पनि उत्तिकै छ । यसबाट सूचनाको प्रदूषण बढ्न सक्ने, मिथ्या सूचनाको प्रभाव बढ्न सक्ने जोखिम छ । प्रस्तुत आलेखमा सूचना सदाचारका विभिन्न आयामको चर्चा गर्दै सूचनाको हकको अभ्यास सूचना सदाचारका लागि उपयोगी साधन बन्न सक्ने कुरा घटना अध्ययन (Case Study) विधि अपनाएर विश्लेषण गरिएको छ ।

# किन सूचना सदाचार ?

सूचना सदाचार भनेको सूचनामा भर पर्न सक्ने अवस्था वा विश्वसनीयता हो । यसले सूचनाको विषयवस्तु, प्रक्रिया र प्रणालीको शुद्धता, स्थिरता र विश्वसनीयता जनाउँछ । यो त्यस्तो विषय हो जससँग व्यवसाय, सरकार र समाजका हरेक संस्थाको सरोकार रहन्छ । यसले तथ्याङ्क, सूचना प्रणाली र ग्राहक अनि तिनीहरुद्वारा प्रभावित संस्थाहरुको आयाम र विशेषताहरु समावेश गर्दछ । सूचना प्रविधिको प्रभाव व्यक्ति र संस्थाहरुको जीवनको लगभग हरेक पक्षमा रहेको हुनाले नयाँ प्रविधि र तिनले प्रशोधन गर्ने तथ्याङ्क र सूचनाहरु नियन्त्रणका लागि चिन्ता उच्च छन् ।

त्यसैले सूचनाको स्वस्थ पारिस्थितिक प्रणाली (Healthy Information Eco-system) कायम राख्न सूचना सामग्री, प्रक्रिया र प्रणालीको शुद्धता, स्थिरता र विश्वसनीयताद्वारा सूचना सदाचार निर्धारण गरिन्छ । सूचना सदाचारका लागि समसामयिक विषयवस्तु, सरकारी कार्यहरु, राजनीतिक खेलाडी र उनीहरुका धारणा एवं निर्णय प्रक्रियामा भरपर्दो, सन्तुलित र पूर्ण सूचनामा सार्वजनिक पहुँच आवश्यक पर्दछ ।[३] पहुँच र प्रवाहको विषयलाई सूचनाको हकसम्बन्धी अवधारणाले पनि उत्तिकै वकालत गर्दछ ।

तर सङ्गठनात्मक सूचना प्रणालीमार्फत प्रवाह हुने सूचना र तथ्याङ्क (Data) विशाल आकारका भएका कारण अनेकखाले जटिलतामा निरन्तर वृद्धि भएको छ । यो बढ्दो क्रमसँगै मिथ्या, विसङ्गति र समग्ररुपमा विश्वसनीयताको अभावबाट भएका त्रुटिबाट यस्ता सूचना र तथ्याङ्क प्रभावित छन् । विसङ्गत वा मिथ्या सूचनाले कुनै पनि व्यवसायलाई भयानक अवस्थामा पुर्‍याइदिन सक्छ । व्यवसाय, बजार र समाजलाई असर त गर्छ नै, सँगसँगै धनजनको पनि क्षति पुर्‍याउन सक्छ । सूचनाको विफलतालाई अहिलेसम्म एक व्यापक, विश्वव्यापी समस्याका रुपमा मानिएको छ यद्यपि यसले अर्थतन्त्रमा अर्बौं मूल्यको भार पार्दछ ।[४]

स्वास्थ्य सेवा प्रवाह गर्ने संस्था, राज्यको सुरक्षा प्रणाली, यातायात र पारबहन उद्योग र वित्तीय क्षेत्रमा सूचना सदाचारको निकै महत्व रहन्छ । त्रुटिपूर्ण सूचनाले यी क्षेत्रमा ठूलो सङ्कट आउन सक्छ । वित्तीय संस्थाहरु (बैङ्क, बिमा, स्टक मार्केटलगायतका लगानी फर्महरु) को कारोवार सफल हुने वा नहुने कुरा सूचना प्रवाह, ठूलो आकारको तथ्याङ्क र उच्च सूचना सदाचारमा निर्भर हुन्छ । यस्ता संस्थाको तथ्याङ्क सङ्कलन, भण्डारण, तथ्याङ्क प्रयोगमा हेरफेर (Manipulation) वा रिपोर्टिङमा त्रुटि भएमा ग्राहक वा सरोकारवालालाई ठूलो क्षति पुर्‍याउन सक्छ वा अविश्वास पैदा गराउँछ । उदाहरणका लागि नेपालमा कोभिड महामारीको समयमा सरकारी स्वास्थ्य केन्द्रहरुको कमजोर व्यवस्थापन, पूर्वाधार विकास र कोरोना बिमा योजनामा अर्बौं रुपियाँ गुमाउनुपरेको थियो । अस्पतालमा स्वास्थ्यकर्मीकै लागि सुरक्षा पोशाक (पिपिइ), शैया र अक्सिजनको जोहो गर्न धौ धौ परेको थियो भने हचुवा बिमा नीतिका कारण भुक्तानी नपाएर धेरै व्यक्तिले दु:ख पाए । कोभिड सङ्क्रमणको प्रारम्भिक समय (बि.सं. २०७७ को सुरु) मा कोरोना बिमा सुरु गरियो । ६ सय रुपियाँको प्रिमियममा कोरोना सङ्क्रमित भएको पुष्टि भएमा १ लाख रुपियाँ पाउने सर्त भएकाले झन्डै १५ लाख व्यक्तिले बिमा गराएका थिए ।[५] सुरु सुरुका कोभिड सङ्क्रमितले बिमा भुक्तानी पाए पनि सङ्क्रमितको सङ्ख्या बढ्दै जाँदा बिमा कम्पनीहरुले बिमा भुक्तानी गर्न आनाकानी गरे । कोभिड सङ्क्रमितको उपचार राज्यले गराउने योजना[६]अन्तर्गत धमाधम बिमा गराइएको थियो तर कोभिड सङ्क्रमितको चाप बढ्दै जाँदा बिमा कम्पनी पन्छिए भने बिमाका सर्तहरु कडा बनाइए । सरकारले दिने भनेको रकम नदिएको भन्दै भुक्तानी

३ UNDP, 2022, p.5

४ Geisler, Prabhaker & Nayar, 2003

५ बीबीसी, २०२० https://www.bbc.com/nepali/news-54460175

६ बीबीसी, २०२१ https://www.bbc.com/nepali/news-58854028

दिएनन् भने नयाँ बिमा गरेनन् । बिमा समितिका अनुसार बिमा रकम भुक्तानीका लागि झण्डै रू. ११ अर्बको माग भएको थियो । एकातर्फ कोभिड महामारीको जोखिम आँकलनमा सरकारले हेलचेक्र्याइँ गऱ्यो अर्कोतिर सतहमा देखिएका सूचना विश्लेषण नगरी ल्याइएको बिमा योजनाका कारण सरकार र बिमा कम्पनीहरु सफल हुन अर्थात विश्वसनीयता आर्जन गर्न चुके ।

पछिल्लो परिस्थितिमा मिथ्या सूचनाले गलत, भ्रामक र हेरफेर गरिएको अनलाइन र अफलाइन माध्यमबाट जानाजानी वा नजानेर सिर्जना, उत्पादन र प्रसारित सामग्रीले सामाजिक वा शारीरिक हानि पुऱ्याउने सम्भावना बढ्दै गएको पाइन्छ । इकोसिस्टमभित्र जानकारीको अत्यधिक मात्रा र कम गुणस्तरको जानकारीको उच्च घटनाले जानकारी खोज्ने र विश्वास गर्ने हाम्रो क्षमतालाई कम गर्छ । सूचना प्रदूषणलाई विकृत सूचना (Mal-information), गलत सूचना (Misinformation) वा खराब सूचना (Disinformation)का रूपमा वर्गीकृत गर्न सकिन्छ ।[७] तर यसलाई (Information Disorder) भनेर छाता शब्द प्रयोग गरेको पाइन्छ ।[८]

युएनडिपी ओस्लो गर्भनेन्स सेन्टरले सन् २०२० मा ८ वटा देश क्याम्बोडिया, चिली, लेबनन, पानामा, सावमा, सिरियालियोन, युक्रेन र भेनेजुएलामा गरेको अध्ययनअनुसार विभिन्न सन्दर्भमा सूचना प्रदूषण गर्ने ३ वटा सशक्तीकरण गर्ने पक्ष (enabler) छन् । अध्ययनअनुसार राजनीतिकरूपमा ध्रुवीकरण, प्रभावशाली डायस्पोरा र सूचना आपूर्तिमा अन्तर रहेको ठम्याइ छ । यस्ता सशक्तीकरण गर्ने पक्षले विद्यमान सर्तहरूको प्रतिनिधित्व गर्दै सूचना प्रदूषणकर्ताहरूले भ्रामक वा मिथ्या सामग्री फैलाउने कार्य गर्ने गरेका पाएको छ ।[९]

यो अवस्थामा सूचना सदाचार कायम गर्न कठिन भए पनि सूचना प्राप्त गर्न र प्रदूषित सूचनाबाट उत्पन्न हुने नकारात्मक प्रभावबाट बच्नका लागि सूचनाको हक सहयोगी साधन बन्न सक्छ ।

७ UNDP, 2022, p. 4
८ W. Claire & Hossein Derakhshan. 2017
९ UNDP, 2020

# सूचना सदाचार र सूचना अधिकार

जनताका प्रतिनिधिले जनतालाई नै शासन गर्ने भएकाले लोकतान्त्रिक शासन व्यवस्थामा सूचनालाई सार्वजनिक सम्पत्ति मानिन्छ । राज्यले संरक्षित गर्नुपर्ने सूचनाबाहेक शासनसत्ता सम्हाल्नेहरूले जनतासँग लुकाउनुपर्ने केही पनि हुँदैन । सम्भव भएसम्मको अधिकतम सूचना जनतालाई सहजै उपलब्ध हुनुपर्छ । यो नै सूचनाको हक हो । यसलाई सूचनाको स्वतन्त्रता (Freedom of Information) र थाहा पाउने अधिकार (Right to Know) पनि भनिन्छ ।[१०]

लोकतन्त्रको आधार अभिव्यक्ति स्वतन्त्रता हो । सचेत नागरिकले नै लोकतान्त्रिक कार्यप्रणालीमा सक्रिय सहभागिता जनाउन सक्छन् ।[११] राज्य सञ्चालनका क्रियाकलापमाथि नागरिकले स्वच्छ आलोचना गर्न पाउँछन् र पदासीनहरूलाई खबरदारी गर्न वा उनीहरूको निर्णयमा दृढ रहन टेवा पुऱ्याइरहेका हुन्छन् ।

उदार लोकतन्त्रको प्रबुद्ध समाजका लागि विचार र निर्णय (निष्कर्ष) को आदान-प्रदान गर्न सूचना, सञ्चार र बहस आवश्यक हुन्छन् ।[१२] राज्यका निर्णय वा गतिविधिहरूमाथि स्वच्छ आलोचना र बहसले त्यस्ता निर्णयको परिपक्वता र दिगोपना अभिवृद्धि हुन सक्छ ।

सरकारलाई जवाफदेही बनाउन सूचनाको स्वतन्त्रता (Freedom of Information) एक औजार बन्न सक्ने कुरा नयाँ घटना हैन ।[१३] सरकारबाट सूचना प्राप्त गर्न, सरकारका कुनै पनि कागजपत्र हेर्न एवं वर्गीकृत सूचनाका प्रमाणित गरिएका दस्तावेज प्राप्त गर्न सूचनाको हकले हरेक नागरिकलाई अधिकार दिएको छ ।

नेपालमा वि.सं. २०६४ सालमा लागू भएको सूचनाको हकसम्बन्धी ऐनले आफू र आफ्नो सरोकारको सूचना माग्न पाउने व्यावहारिक प्रबन्ध गरेको छ । अहिलेसम्मको झण्डै डेढ दशकको अवधिमा सूचनाको

१० Paudel, 2023, p. 1
११ Meiklejohn, 1948, cited in Barendt, 2005, p.18
१२ Kharel, 2012, p. 18
१३ Naib, 2011, p. 1

हकसम्बन्धी अधिकार कार्यान्वयनमा केही प्रगति भए पनि गुणात्मक विकास हुन भने बाँकी नै छ ।

व्यवस्थापकीय अन्य महत्वपूर्ण निर्णय गर्दा सूचनाको प्रामाणिकतालाई पूर्वसर्त मानिन्छ । भरोसा वा विश्वास गर्नलायक सूचनाविना नै कुनै निर्णयमा पुगिन्छ र थप योजना बुनिन्छ भने त्यो सफल हुने सम्भावना न्यून रहन्छ । सफल कारोवारका लागि पनि प्रामाणिक सूचना आवश्यक हुन्छ । सूचना सदाचारप्रति प्राज्ञिक चासो बढ्दै गए पनि यसले सैद्धान्तिक अवधारणाको स्वरूप लिने क्रममा छ ।

सूचना सदाचारका अध्येता Geisler र अन्य (२००३) ले सूचनाको शुद्धता, स्थिरता, विश्वसनीय, भरपर्दो, प्रमाणित गर्न योग्य र पारदर्शिता जस्ता विशेषता सूचना सदाचारमा हुने उल्लेख गरेका छन् । सूचना सदाचारका लागि परम्परागतरूपमा बुझिने तथ्याङ्क र सूचना भन्दा नयाँ अवधारणामा 'तथ्याङ्कको गुणस्तर' वा 'सूचनाको शुद्धता' मा जोड दिइएको हुन्छ ।

सूचना सदाचारलाई फराकिलो स्वरूपमा परिभाषित गर्दा यो ग्राहकहरूको समावेशिता हो जसले सूचना प्राप्त गर्छन्, त्यसैमा काम गर्छन् र यसैबाट प्रभावित हुन्छन् । सूचना सदाचार शुद्धतामा मात्र सीमित नभइ सूचना प्रयोग गरिएको संवेदनशील परिवेश र प्रयोग गरिएको उद्देश्यलाई पनि इङ्गित गर्दछ ।[१४]

## सूचना सदाचारका विशेषता, आयाम र प्रभाव

सूचनाको व्यावहारिक प्रयोगमा ३ वटा प्रश्न महत्वपूर्ण रहन्छन् - सूचना के हो (विषयवस्तु) ?, त्यो सूचनासँग हामी के गर्छौं (संस्थाभित्र) ? र यसले हामीलाई कसरी प्रभाव पार्छ (र हाम्रो संस्थालाई) ? सूचना सदाचारको इकोसिस्टमभित्र एकातर्फ सूचना मात्र र अर्कोतर्फ प्रयोगकर्ता/ग्राहकको आवश्यकता अनि उपयोगितामा यसको क्षेत्र फराकिलो रहे पनि यस आलेखमा सीमित चर (Variables) लिएर सैद्धान्तिक अवधारणा तलको चित्रअनुसार तय गरिएको छ ।

| सूचना स्वयंका विशेषता/आयाम | सूचना सदाचारका विशेषता/आयाम र प्रयोगकर्ता/ग्राहकसँगको यसको भूमिका |
|---|---|
| शुद्धता, विश्वसनीयता, स्थिरता, भरपर्दो, पारदर्शिता, पूर्णता, कानुन र अन्य नियमको परिपालना (compliance), सुरक्षित, गुणस्तर (दोषरहितसमेत), नैतिक, गैरपाखण्ड, सङ्कलन र तयारीमा उचित लगनशीलता, भ्रष्टाचार परित्याग, निपूर्णता, स्पष्टता, प्रमाणित गर्न योग्य र सङ्गतियोग्य (coherence) । | आवश्यक, उपयोगी, प्रयोज्य, किफायती, रूपान्तरण (decode) गरी प्राप्त गर्न सकिने, मौजुदा प्रणालीमा एकीकृत गर्न क्षमता, लक्ष्यहरूसँग एकरूपता, अनुकूलन क्षमता (adaptability), कार्यान्वयन गर्न सकिने, हेरफेर गर्न सकिने (manipulability), समयबद्धता, स्थानान्तरणयोग्य (transferability),अनुकूलनयोग्य (customization) र मूल्य (value) । |

यस नीतिपत्रमा सूचनाको हकसँग सम्बन्धित सार्वजनिक महत्वका घटना र सार्वजनिक निकायबाट प्रवाह हुने सूचनाहरूलाई सूचना सदाचारसँग सम्बन्धित तत्वको कसीमा राखी ३ वटा घटनालाई लिएर व्याख्या गरिएको छ । सूचना सदाचारसम्बन्धी तत्वहरूमा सूचना सामग्री, प्रक्रिया र प्रणालीको विश्वसनीयता, स्थिरता, तथ्याङ्कको गुणस्तर शुद्धताका आधार विश्लेषण गरिएको छ ।

## अवधारणा

| सूचनाको हकसँग सम्बन्धित सार्वजनिक निकायबाट प्रवाह हुने सूचना | सूचना सदाचारसँग सम्बन्धित तत्व |
|---|---|
| • स्वतः प्रकाशन<br>• मागेर सहजरूपमा प्राप्त गर्ने<br>• असहजरूपमा प्राप्त हुने (राष्ट्रिय सूचना आयोगमा पुनरावेदनपछि) | • सूचना सामग्री, प्रक्रिया र प्रणालीको विश्वसनीयता<br>• स्थिरता<br>• डेटाको गुणस्तर र<br>• शुद्धता |

१४ Geisler et.al. 2003

# मुद्दा र छलफल

आमसरोकारको कुनै पनि सूचना सार्वजनिक सम्पत्ति हो । त्यस्तो सूचना लिने र दिने अधिकार नागरिकलाई हुने कुरा लोकतान्त्रिक मुलुकहरूले सुनिश्चित गरेका हुन्छन् । नेपालमा सूचनाको हकलाई संविधानको मौलिक खण्डमै समावेश गरिएकाले सार्वजनिक सरोकारको सूचना लिन/दिन राज्य उदार छ भन्ने देखाउँछ । तर सूचना सदाचारको कोणबाट हेर्ने हो भने सूचना सार्वजनिक गर्न नै आलटाल गर्ने नेपालमा सार्वजनिक निकाय सूचनाको प्रयोग र प्रभावका बारेमा गम्भीर बन्न अझै समय लाग्नेछ ।

सूचनाको हकसम्बन्धी ऐन लागु भएको १६ वर्षको अवधिमा ऐनकै मुख्य प्रावधानका रूपमा रहेको सूचनाको वर्गीकरणसमेत हुन सकेको छैन । सूचनामा सर्वसाधारणको पहुँच बढेको छैन र सूचना माग्ने संस्कार पनि विकसित भएको छैन । गएको आर्थिक वर्षमा सूचना पाइन भन्दै राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नेको सङ्ख्या १०८३ मात्र छ (राष्ट्रिय सूचना आयोग वार्षिक प्रतिवेदन, २०७८/०७९, पृ. ९-१०) । यसको अर्थ दुइटा हुन्छ- कि मागे जतिको सूचना सबै पाइएको छ कि त नागरिक सूचना माग्न गएकै छैनन् । राष्ट्रिय सूचना आयोगका पूर्वआयुक्त किरण पोखरेलका अनुसार आफू प्रत्यक्ष प्रभावित भएको खण्डमा बाहेक सूचना माग्ने संस्कार अझै विकसित भएको छैन । पोखरेल भन्नुहुन्छ-

> आयोग स्थापनाको वर्ष (२०६५) मा १२ वटा पुनरावेदन थिए । तर पछिल्ला वर्षहरूमा १ हजार भन्दा बढी पुनरावेदन परे । यो बढ्दो क्रम सन्तोषजनक हो । तर जति धेरै पर्नुपर्थ्यो परेको छैन । यसको अर्थ नागरिक क्रियाशील नभएको भन्ने पनि हो । नागरिकले आफ्नो आवश्यकताअनुसार सूचना माग्न थालेका छन् । उदाहरणका लागि मेरो नागरिकता किन बनेन ? वा बढुवा नभएकामा मेरो नम्बर कति आयो ? भनेर सूचना माग्ने अभ्यास भएका छन् ।[१५]

राष्ट्रिय सूचना आयोग गठन भएको वर्ष २०६५ देखि अहिलेसम्मका १४ वटा वार्षिक प्रतिवेदन हेर्ने हो भने सबै भन्दा धेरै उजुरी, गुनासो वा पुनरावेदन परेको आ.व. २०७४/०७५ मा हो जुन सङ्ख्या ११७६ मात्र छ ।

सार्वजनिक निकायले कम्तीमा २० वर्षअघिसम्मका आफ्ना सूचना अद्यावधिक गर्न सकेका छैनन्, परिपक्व सूचना प्रदान गरे पनि प्रक्रियामा रहेका सूचना दिन आनाकानी गरिरहेका छन् ।[१६] सूचना माग्ने निवेदन अर्को निकायमा पठाइदिने चलन अझै बसेको छैन भने तेस्रो पक्षको सूचना दिइँदैन । त्यस्तो सूचना कुनै कार्यालयमा आएको रहेछ भने पनि सो सूचना लिन सम्बन्धित कार्यालयमै पुग्न आग्रह गरिन्छ ।

अधिकतम सूचना प्रवाह गरी 'खुलापन र पारदर्शिता' स्थापना गर्ने नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र यससँग सम्बन्धित नियमावलीको लक्ष्य रहे पनि कहिले परिपक्व सूचना नभएको र कहिले सूचनाको वर्गीकरण नभएको कारण देखाउँदै सूचना प्रवाहमा आनाकानी गर्ने फराकिलो अभ्यास छ ।[१७]

अहिले मूलतः सरकारी निकायहरूले सूचनाको स्वतः प्रकाशन अभ्यासलाई अलि फराकिलो गरी प्रयोग गरेका छन् । ३ वर्षअघिसम्म सूचनाको हकसम्बन्धी ऐनअनुसार सूचना अधिकारी नियुक्त गर्न आनाकानी गरेका निकायहरु अर्थ, परराष्ट्र, रक्षा, कृषि मन्त्रालय र नेपाली सेनाले पनि सूचना अधिकारी तोकेर सूचनाको हकसम्बन्धी ऐनअनुसार आफ्नो कार्यालयको त्रैमासिक विवरण सार्वजनिक गरेका छन् । यीमध्ये कतिपय कार्यालयले अप्ठेरो गरी सूचना सार्वजनिक गरेका वा उनीहरूलाई परिष्कृत हुन समय लाग्ने बुझ्न सकिन्छ । उदाहरणका लागि नेपाली सेनाले सार्वजनिक गरेको २०७९ माघ-चैतको स्वतः प्रकाशन विवरण (बुँदा नं. १४ देखि २०) मा सूचनाको हकसम्बन्धी ऐनको दफा ५ मा उल्लेख गरिएका 'सार्वजनिक निकाय' भन्ने शब्दलाई नेपाली सेना नबनाइकनै आफ्नो विवरण दिएको छ ।[१८] अधिकांश सामग्री अङ्ग्रेजी भाषामा उत्पादन गर्ने परराष्ट्र मन्त्रालयको स्वतः प्रकाशन विवरण नेपालीमा

---

१५ व्यक्तिगत कुराकानी (२०७८ वैशाख ३१) मा आधारित । ।

१६ पौडेल, २०८० ।

१७ पौडेल, २०७८ ।

१८ नेपाली सेना, २०७९ ।

मात्रै पाइन्छ ।[१९]

अर्कोतर्फ सूचना सदाचारको सवालमा नेपालमा खासै बहस भएको छैन । आधिकारिक निकायले प्रमाणित प्रतिलिपि दिएपछि सूचनाको शुद्धता, विश्वसनीयता, गुणस्तर र स्थिरताका विषयमा अझै बहस हुन बाँकी छ । माथि उल्लेख गरिएका मामिला/प्रकरणका आधारमा सूचना सदाचारका आयामलाई हेरौँ :

## प्रकरण १ : हेलिकोप्टर दुर्घटना - सरकारी निकायबाटै अपुष्ट जानकारी

वि.सं. २०७२ वैशाख २९ गतेको शक्तिशाली भूकम्पपछि दोलखाको सुनखानी क्षेत्रमा सोही दिन उद्धारका लागि गएको अमेरिकी सेनाको हेलिकोप्टर हरायो । चासो सर्वत्र हुनु स्वाभाविक थियो । हेलिकप्टरको स्थिति पत्तो लगाउनुपर्ने दबाबमा सरकारी संयन्त्र परिसकेको थियो । तात्कालीन अर्थमन्त्री रामशरण महतले भोलिपल्ट साँझ (३० वैशाख) ७ बजेर २३ मिनेटमा ट्विट गर्दै हेलिकोप्टर फेला परेको जानकारी दिए । महतले 'सिङ्गटी पावर सवस्टेसनमा हराइरहेको हेलिकोप्टर र यसका कर्मचारी सुरक्षित रहेको र नजिकैको पहिरोका कारण उड्न नसकेको' आफ्नो ट्विटमा लेखेका थिए ।[२०]


← Tweet

Dr Ram Sharan Mahat
@ramsmahat

Report says missing US chopper with crew safe in Singati power substation,Dolakha. Cannot fly due to land slide nearby.

7:23 PM · May 13, 2015

78 Retweets 49 Likes

महतको ट्विटमा आधारित रहेर सबै माध्यमले हेलिकोप्टर फेला परेको समाचार प्रवाह गरे ।[२१] तर यो समाचार सत्य थिएन । १६ घन्टा पछि (३१ वैशाखमा) अर्को ट्विट गर्दै महतले हेलिकोप्टर फेला परेको भन्ने सूचना सत्य नभएको बताए ।[२२]

१९ परराष्ट्र मन्त्रालय, २०७९ ।
२० https://twitter.com/ramsmahat/status/598482355301388288?s=20
२१ मिश्र, २०७२
२२ https://twitter.com/ramsmahat/status/598718725311713280?s=20


← Tweet

Dr Ram Sharan Mahat
@ramsmahat

NA source confirms missing chopper in Singati reported by NEA employee not true. Search continuing in other areas.

11:02 AM · May 14, 2015 from Nepal

14 Retweets 17 Likes

माथि उल्लिखित दुवै ट्विट २०८० जेठ ९ गतेसम्म महतको ह्यान्डलमा छन् ।

## प्रकरण १ माथिको छलफल

वैशाख २९ को दिउँसो २ बजेदेखि हराएको हेलिकोप्टरबारे अर्को दिनसम्म पनि कुनै सूचना आएन । खोजी गर्ने निकायहरूसँग 'हेलिकोप्टरको खोजी' का लागि टोली परिचालन गरिएको भन्नुबाहेक थप सूचना थिएन । दोस्रो दिनसम्म हराइरहेको हेलिकोप्टरबारे अनेक कोणबाट समाचार बनिसकेका थिए । प्रतिकूल मौसम, जटिल भूगोल, असुरक्षित आकाश, उड्डयन क्षेत्रमा नेपालको कमजोर प्राविधिक क्षमता, हेलिकोप्टरको खोजी गरिएका सम्भावित क्षेत्रहरूको विवरण त स्वाभाविक समाचार कोण थिए । तर अड्कलबाजीका अन्य प्रसङ्गहरु पनि समाचार विचारमा मिसिइसकेका थिए । हराएको अमेरिकी हेलिकोप्टर चौथो दिनमा मात्रै फेला पर्‍यो । दोलखा र सिन्धुपाल्चोकको सिमा क्षेत्रमा पर्ने सिन्दुरे डाँडामा दुर्घटनाग्रस्त भएको अवस्थामा हेलिकोप्टर जेठ १ गते मात्रै फेला पर्‍यो ।

सरकारकै जिम्मेवार अधिकारीहरूको उद्दरणसहित समाचार प्रकाशित गरेको पहिलोपोस्टडटकमले सरकारी संयन्त्रबाट कसरी गलत सूचना प्रवाह भयो भन्नेबारेमा फेहरिस्त प्रस्तुत गर्‍यो ।[२३] दोलखलाको सिङ्गटी सवस्टेसनका कर्मचारीले स्टेसन नजिकै मकैबारीमा हेलिकोप्टर बसेको देखेको भन्दै दिएको सूचनाका आधारमा नेपाल विद्युत् प्राधिकरणका तत्कालीन उपकार्यकारी निर्देशक शेरसिंह भाटमार्फत ऊर्जा मन्त्रालय, मुख्य सचिव हुँदै अर्थ मन्त्री, प्रधानमन्त्रीसम्म पनि हेलिकोप्टर फेला परेको खवर पुगेको थियो । यो

२३ मिश्र, २०७२

खवर प्रवाह गर्नेहरूले पुनः पुष्टि गरेको पनि बताएका थिए । खोजी तथा उद्धारका लागि परिचालित नेपाली सेनाले भने नपाइएको भन्दै उतिबेलै खण्डन गरेको थियो ।

सरकारी संयन्त्रबाट आएको सूचनामा भर पर्दा झुटो विवरणले ठाउँ पायो । हेलिकोप्टरका सबैजना सकुशल रहेको भनी सूचना प्रवाह भए पनि खासमा यो सबै अफवाह थियो । दुर्घटनाग्रस्त हेलिकोप्टरमा रहेका २ जना नेपाली नागरिकसहित ८ जनाको मृत्यु भएको थियो । यसबाट प्रश्न उठ्छ, संयन्त्रलाई कसरी अविश्वास गर्ने ? यस प्रकरणबाट के बुझ्न सकिन्छ भने सूचना सदाचारका चरहरु सूचना सामग्री, प्रक्रिया र प्रणालीको विश्वसनीयतामाथि गम्भीर मनन गर्नुपर्छ ।

## प्रकरण २ : विश्वासिलो मिडियामा भ्रामक समाचार

नेपाल सरकारले विदेशीलाई हिँडडुलसमेत निषेध गरेको वारागुङ मुक्ति क्षेत्र गाउँपालिकाको फल्याकमा भारत सरकारको लगानीमा 'मुस्ताङ बौद्ध कलेज' खोल्ने तयारी भएको समाचार कान्तिपुर दैनिकले २०७९ फागुन १८ गते पहिलो पृष्ठमा प्रकाशन गऱ्यो । समाचारमा 'खम्पा विद्रोह नियन्त्रणका लागि सरकारले २०२८ सालमा मुस्ताङका ३ दर्जन भन्दा बढी स्थान विदेशीका लागि निषेधित गरेको थियो । बाह्रगाउँ मुक्ति क्षेत्र गाउँपालिकाको वडा नं. १ र ५ तथा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. १ र ५ अहिले पनि निषेधित क्षेत्रमा पर्छन्' भनिएको छ । यो समाचार कान्तिपुरको अनलाइन संस्करणमा पनि छ । अनलाइन संस्करणमा[२४] 'मूलतः तिब्बती शरणार्थीका लागि सञ्चालन गर्न लागिएको परियोजनामा लगानी गर्न भारत अग्रसर भएको सरकारी उच्च स्रोतको दाबी छ' लेखिएको छ भने प्रिन्ट संस्करणमा 'भारत अग्रसर भएको हो' उल्लेख छ ।



# मुस्ताङको निषेधित क्षेत्रमा बौद्ध कलेज खोल्न भारत अग्रसर

तिब्बती खम्पाहरूले चार दशकअघि चीन सरकारविरुद्ध विद्रोह गरेको क्षेत्रमा तिब्बती र अन्य विदेशी विद्यार्थी जम्मा गर्ने परियोजना

**जगदीश्वर पाण्डे** (काठमाडौं)

नेपाल सरकारले विदेशीलाई हिँडडुलसमेत निषेध गरेको क्षेत्रमा भारत सरकारको लगानीमा 'मुस्ताङ बौद्ध कलेज' खोल्न भारत अग्रसर भएको छ। तिब्बती खम्पाहरूले चार दशकअघि चीन सरकारविरुद्ध विद्रोह गरेका कारण मुस्ताङको फल्याक क्षेत्र संवेदनशील मानिन्छ। अहिले त्यही क्षेत्र छानेर आयोजना बनाउन भारतीय दूतावासले नेपाल सरकारसँग अनुमति मागेको छ।

खम्पा विद्रोह नियन्त्रणका लागि सरकारले २०२८ सालमा मुस्ताङका तीन दर्जनभन्दा बढी स्थान विदेशीका लागि निषेधित गरेको थियो। बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं. ३ र ५, लोमन्थाङ गाउँपालिकाको वडा नं. १ र ५ तथा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. १ र ५ अहिले पनि निषेधित क्षेत्रमा पर्छन्। ती क्षेत्रमा ट्रेकिङमा जान विदेशीले छुट्टै स्वीकृति लिनुपर्छ र नेपाली गाइडका साथमा मात्र जान पाउँछन्।

मूलतः तिब्बती शरणार्थीका लागि सञ्चालन गर्न लागिएको परियोजनामा लगानी गर्न भारत अग्रसर भएको हो। फल्याक क्षेत्रमा बौद्ध कलेज स्थापना गर्न भारतले ७० करोड ३३ लाख नेपाली रुपैयाँ अनुदान दिने भएको छ। काठमाडौंस्थित भारतीय दूतावासले कलेज निर्माणका लागि बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाबाट प्रस्ताव आएको र भारतको अनुदानमा निर्माण गर्ने अनुमतिका लागि नेपालसँग आग्रह गरिएको जनाएको छ।

दूतावासका अनुसार 'मुस्ताङ साक्या बौद्ध संघ' ले कलेज खोल्ने गरी बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाले प्रस्ताव पठाएको हो। अर्थ मन्त्रालयलाई पत्राचार गरिसकिएको र सहमति प्राप्त भएपछि परियोजनाको समझदारीपत्रमा हस्ताक्षर गर्न सकिने दूतावासको भनाइ छ। 'यो संस्था (कलेज) ले मुस्ताङ र यसको वरपर रहेका जिल्लाका भिक्षुहरूलाई मात्र होइन, विदेशी विद्यार्थीलाई आध्यात्मिक, शिक्षा, संस्कृति र पूर्वाधार विकासमा आकर्षित गर्न सक्छ,' दूतावासको विकास साझेदारी एवं पुनर्निर्माण प्रभागद्वारा माघ ११ मा अर्थ मन्त्रालयलाई पठाइएको पत्रमा उल्लेख छ।

**सरकारले स्वीकृति दिए भूराजनीतिक झमेला थपिने जोखिम**

बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिडजिन नामगेल गुरुङका अनुसार मुस्ताङ साक्या बौद्ध संघले बौद्ध कलेज स्थापना गर्न लागेको हो। 'बजेटदेखि जग्गासम्म केहीमा पनि गाउँपालिकाको सहयोग छैन,' उनले भने, 'मुस्ताङ साक्या बौद्ध संघले आफ्नै खर्च र दानमा जग्गा किनिसकेको छ। अब कलेज निर्माण गर्न लागेको छ।'

सरकारका एक उच्च अधिकारी भने माथिल्लो मुस्ताङजस्तो निषेधित र संवेदनशील क्षेत्रमा विदेशी सहयोगमा परियोजना सञ्चालन गर्ने र विदेशी विद्यार्थीसमेत जम्मा गर्ने विषयले नेपालको भूराजनीतिमा जटिलता बढाउने बताउँछन्। 'कलेज खोल्ने भनिएको स्थान संवेदनशील छ, त्यहाँ त्यो तहको कलेज आवश्यक छैन। छ भने पनि विदेशी सहयोग किन ? विदेशी विद्यार्थी त्यो क्षेत्रमा किन लग्ने ? यसबारेमा हामीले राजनीतिक नेता र सम्बन्धित निकायलाई सचेत गराइसकेका छौं,' उनी भन्छन्, 'यसलाई बेलैमा रोकिएन भने भूराजनीतिमा थप झमेला आउन सक्छ।'

यो समाचार सार्वजनिक भएपछि पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सो क्षेत्रमा बौद्ध विश्वविद्यालय खोल्न लागिएको दाबी गरे । स्थानीय निकाय कर्मचारी सङ्घले फागुन २० गते गरेको कार्यक्रममा बोल्दै ओलीले सरकारले भारतलाई मुस्ताङमा बौद्ध विश्वविद्यालय खोल्न अनुमति दिएको भन्दै सरकारको आलोचना गरे । 'कान्तिपुर' ले ओलीको भनाइको भिडियो[२५] समेत राखेको छ ।

## प्रकरण २ माथिको छलफल

यो समाचारमा नेपाल : तथ्य जाँच (nepalfactcheck.org) ले तथ्य जाँच गरी विदेशीलाई हिँड्न निषेध, गाउँपालिकाको नाम, निषेधित भनिएका क्षेत्रको विवरण, अनुमित लिएर जानुपर्ने क्षेत्रहरु, कलेज कि विश्वविद्यालय भन्ने विषयमा समाचारमा गरिएका दाबीलाई भ्रामक ठहऱ्याएको छ ।[२६] गाउँपालिकाको नाम बाह्रगाउँ मुक्ति क्षेत्र नभई वारागुङ मुक्ति क्षेत्र, गाउँपालिकाको वडा नं. ५ अन्तर्गतको फल्याक क्षेत्र निषेधित क्षेत्र नभई सोही वडाको साङ्ता (साताङ पनि भनिने) मात्र निषेधित क्षेत्रमा पर्ने, विदेशीलाई हिँड्न निषेध गरिएको नभई अनुमति लिएर जान पाउने, विश्वविद्यालय नभई कलेज मात्र खोल्न लागेको जस्ता वस्तुगत तथ्यहरु बहुस्रोतबाट पुष्टि गर्दै नेपाल तथ्य

२४ https://ekantipur.com/news/2023/03/02/167771900025656397.html

२५ https://www.youtube.com/watch?v=AZn_PwJc0-8&t=2s

२६ https://nepalfactcheck.org/2023/03/mustang-buddhist-college/

जाँचले सार्वजनिक गऱ्यो । तथ्य जाँचपछि कान्तिपुरको समाचारलाई भ्रामक सूचना (misleading) श्रेणीमा राखेको छ ।

समाचारमाथि सरोकारित गाउँले खण्डन सार्वजनिक गऱ्यो । कान्तिपुरले आफ्नो अनलाइन संस्करणमा गाउँको नाम मात्र सच्याएको छ । अनलाइन संस्करणमा सच्याइएको अंश यस्तो छ- 'यो समाचारको प्रिन्ट संस्करणमा वारागुङ मुक्ति क्षेत्र गाउँपालिका हुनुपर्नेमा स्थानीय तहको पुरानै नाम बाह्रगाउँ मुक्ति क्षेत्र हुन गएकोमा भूल सुधार गरिएको छ । - सम्पादक'

समाचार सार्वजनिक भएपछि कलेज नभई विश्वविद्यालय नै खोल्न लागेको भनी पूर्वप्रधानमन्त्री ओलीले बढाइचढाइ गरी टिप्पणी सार्वजनिक गरे । तथ्य कसरी कु तथ्यको बाटोमा जान्छ र अपुरा र भ्रामक विवरणहरूबाट कसरी गलत सूचना (misinformation) प्रवाह भएको छ भन्ने यो प्रकरणले देखाएको छ ।

## प्रकरण ३ : निर्वाचनमा खर्च : तथ्य र व्यवहार

नेपालमा निर्वाचनहरु महँगो बन्दै गएका आमबुझाइ छ । निर्वाचन आयोगले सुगम र दुर्गम क्षेत्रको आधारमा निर्वाचन खर्चको सीमा तोक्दै आएको छ र उम्मेदवारहरूबाट निर्वाचन खर्चको फाँटवारी पनि लिने गरेको छ । खर्च फाँटवारी नबुझाउनेलाई आयोगले ताकेता पनि गर्छ ।[२७] आयोगले तोकेको सीमा र उसले प्राप्त गर्ने फाँटवारीमा निर्वाचन महँगो छैन । चुनाव महँगो भयो र यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भनेर निर्वाचन आयोगका आँकडा केलाउने हो भने यस विषयमा नीतिगत बहस गर्ने नपर्ने स्थिति छ । व्यवहारमा महँगो तर कागजमा सस्तो निर्वाचनले पद्धतिलाई नै प्रदूषित गरेको यो अर्को प्रकरण हो ।

२७ निर्वाचन आयोगले २०७९ को प्रतिनिधि सभा निर्वाचनका लागि सुगम र दुर्गम क्षेत्रको आधारमा हरेक निर्वाचन क्षेत्रका लागि २५ देखि ३३ लाख रूपैयाँसम्मको खर्च सीमा तोकेको थियो । यसैगरी स्थानीय तहको चुनाव (२०७९) मा पनि आयोगले गाउँपालिका अध्यक्ष र उपाध्यक्ष देखि महानगरका प्रमुख र उपप्रमुखका उम्मेदवारका लागि क्रमशः साढे ३ देखि साढे ७ लाख रूपैयाँ सम्म खर्च गर्न पाउने सीमा तोकेको थियो ।

## प्रकरण ३ माथिको छलफल

निर्वाचन कानुन पालनाका लागि उम्मेदवारहरूले निर्वाचनमा आफूले गरेको खर्चको फाँटबारी आयोगले तोकेको सीमाभित्रै रहेर आयोगलाई बुझाउँछन् । व्यवहारतः ठूलो राशि निर्वाचनमा खर्च गर्छन् । आर्थिक पारदर्शिता कायम गर्न र सार्वजनिक सेवा प्रवाहमा नेपालका राजनीतिक दलहरु अयोग्य देखिएका छन् । संविधान सभा निर्वाचन पहिलो (२०६४) र दोस्रो (२०७०) मा राजनीतिक दल र तिनका उम्मेदवारले गरेको खर्च कैयौँ गुणाले बढ्यो । २०६४ को चुनावमा प्रतिभोटको औसत मूल्य रू. ५।७४ रुपियाँ थियो भने २०७० को रू. ३०।४३ रूपियाँ रह्यो ।[२८] निर्वाचनमा सहभागी दलहरूको खर्चको फेहरिस्तसहित पाठकले गरेको अध्ययनअनुसार निर्वाचनमा दलहरूको खर्च वृद्धिले प्रतिमतको मूल्य बढाएको छ ।

> पहिलो संविधान सभा निर्वाचनमा कुल खर्च रू. ५३,१८१,०५४ थियो भने दोस्रो संविधान सभा निर्वाचनमा बढेर रू. १६५,१७७,५९९ पुग्यो । नेपाली कङ्ग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीको पहिलो संविधान सभामा रहेको प्रतिमत मूल्य क्रमशः रू. २।५८, रू. ६।२७ र रू. १।२१ रहेकामा दोस्रो संविधान सभा निर्वाचनमा बढेर रू. १०।०४, रू. १०।१८ र रू. १२।५३ पुग्यो । अझै रोचक कुरा त के छ भने साना भनिएका दलहरूको प्रतिमत मूल्य झनै धेरै रहेको पाइयो (पृ. १३२-१३७)।

यस्तै सन् २०१७ मा भएका निर्वाचनको चुनावी खर्चबारे गरिएको अध्ययनले पनि स्थानीय, प्रदेश र सङ्घीय सरकारको निर्वाचनमा १३,१६३ करोड खर्च भएको देखाउँछ । चुनावमा उम्मेदवार र सहयोगीले ९,६९१ करोड खर्च गरे भने सरकारले ३,४७२ करोड खर्च गरेको देखिन्छ । सो रिपोर्टअनुसार सङ्घीय सरकारमा जित्ने उम्मेदवारले औसतमा २.१३ करोड खर्च गरे जुन निर्वाचन आयोगले तोकेको सीमा भन्दा ८ गुणा भन्दा बढी हो ।[२९] तर निर्वाचन आयोगमा खर्च विवरण पठाउँदा भने आयोगले निर्धारण गरेको २५ लाख रुपियाँको सीमाभित्र गर्ने गरेको पाइन्छ ।

२८ Pathak, 2018

२९ Election Observation Committee Nepal, 2018

कार्यकर्ता परिचालन, नेताहरूको दौडधुप, प्रचारप्रसार आदिमा दलहरूले उसैगरी बेहिसाब पैसा खर्चन्छन् र निर्वाचनमा उम्मेदवारहरूले एउटै निर्वाचन क्षेत्रमा देखाउने तडकभडकमा करोडौँ खर्चेको अनुमान गर्न कठिन छैन ।[३०]

नवलपरासी क्षेत्र नं. १ (हाल नवलपरासी पूर्व १) बाट २०६४ देखिका सबै (संविधान सभा र संसदीय) निर्वाचनमा लगातार चौथो पटक निर्वाचित नेपाली कङ्ग्रेसका पूर्वमहामन्त्री डा. शशाङ्क कोइरालाले २०७४ को निर्वाचनपछि पङ्क्तिकारसँगको अन्तर्वार्तामा चुनाव निकै महँगो बन्दै गएको बताए । उनले निर्वाचन खर्चको फाँटवारी यसरी दिए ।[३१]

> पहिलो चोटी चुनाव लड्दा ८० हजार रूपियाँ, दोस्रो चुनावमा २ करोड र तेस्रो चुनावमा ५ करोड रूपियाँ खर्च भयो । साथीभाइहरूसँग सहयोग मागेर पैसाको जोहो गरेको हुँ । चुनाव सस्तो हुँदै जानुपर्नेमा दुगुणा, ३ गुणा खर्चिलो बन्दै गएको छ । यस्तो खर्चले भ्रष्टाचारलाई नै प्रेरित गर्छ । चुनाव सस्तो बनाउने विषयमा राजनीतिक दलहरूले चिन्तन गर्नुपर्छ ।

माथि उल्लिखित दृष्टान्तअनुसार निर्वाचनमा उम्मेरवारले गर्ने खर्च र आयोगमा बुझाइने खर्चको फाँटवारीबीच ठूलो अन्तर देखिन्छ ।[३२]

राजनीतिक दलहरूले आफ्नो लेखापरीक्षण गराउँछन् । सार्वजनिक आँकडा हेर्ने भने उनीहरूको खर्च निकै कम देखिन्छ । तर चन्दा असुली, नीतिगत भ्रष्टाचारका कुराले सधैँ प्रश्रय पाइरहेका छन् । ढकाल (२०८०) का अनुसार 'नेपालमा भ्रष्टाचारको विकराल अवस्था हुनुमा प्रमुखरूपमा राजनीतिक दलको आर्थिक व्यवस्थापनसँग जोडिएको छ । दलहरूलाई चाहिने पैसाको वैध स्रोतको व्यवस्था र ती दलमा जाने प्रत्येक रूपियाँको पारदर्शी हिसाबकिताबको कानुनी व्यवस्था गर्न नसकुन्जेल भ्रष्टाचारमा कुनै सुधार आउने छैन ।'

चुनावको खर्च सीमा र उम्मेदवारहरूले प्रस्तुत गर्ने विवरणहरूमा ज्यादा आलोचना भएपछि निर्वाचन आयोग २०८० वैशाखदेखि अलि सक्रिय देखिएको छ । आयोगले राजनीतिक दलहरूलाई नै जिम्मेवार बनाउन उनीहरूले आयोगमा प्रस्तुत गरेको लेखापरीक्षण प्रतिवेदन स्वयं सार्वजनिक गर्न निर्देशन दिएको छ । वैशाख २७ को आयोगको बैठकले गरेको निर्णयअनुसार लेखापरीक्षण प्रतिवेदन वेबसाइट वा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरी १ साताभित्र आयोगलाई खबर गर्नुपर्नेछ ।[३३] आयोगमा दर्ता कायम भएका ११६ मध्ये ८२ राजनीतिक दलले मात्रै तोकिएको समयसीमामा लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाएका छन् । अर्कोतर्फ दलहरूको लेखपरीक्षणमा शङ्का गर्दै जाँचबुझका लागि महालेखा परीक्षकको कार्यालयबाट निर्वाचन आयोगले विशेषज्ञ कर्मचारी मगाएको छ । आयोगको क्रियाशीलताबाट सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ । भड्किलो चुनावी अभियानलाई सुधार गर्दै ल्याएको आयोगले दलहरु र तिनका उम्मेदवारको खर्च पारदर्शी गर्न नसकुञ्जेल निर्वाचन स्वच्छ हुने छैन । साथै सूचना सदाचार विश्वासिलो र भरपर्दो हुने छैन ।

माथि छलफल गरिएका मुद्दाहरूले सरकारी निकाय र विश्वासिलो मिडियाबाट सार्वजिकरूपमा खपत हुने सूचनाबारे प्रश्न चिह्न खडा गरेको देखिन्छ । यी मुद्दाले सूचना प्रवाह गर्दा ६ वटा विषयबारे प्रश्न उठाएका छन् जसलाई सूचना सदाचारको मानकका रूपमा यस अध्ययनमा प्रयोग गरिएका छन् । कस्तो सूचनाको सामग्री उत्पादन भयो ? त्यसको प्रक्रिया, यसले पार्ने प्रणालीको विश्वसनीयतामा प्रभाव, सूचनाको स्थिरता, तथ्याङ्कको गुणस्तर र शुद्धतामा प्रश्न उठाएको पाइन्छ ।

३० रमेश कुमार/हिमालखवर, २०७८

३१ Nagarik Network, 2018

३२ २०७४ को चुनावमा कास्कीबाट निर्वाचित (हाल दिवंगत) नेकपा एमाले सांसद रविन्द्र अधिकारीले निर्वाचनमा थोरै खर्च गर्नेमध्ये आफू रहेको दावी गर्दै चुनावका लागि रू. ४५ लाख सहयोग उठाएकोमा रू. ४३ लाख रूपैयाँ खर्च भएको बताए (Pathak, 2018) । नेपाली कांग्रेसका शशांक कोइरालाले करोडौ खर्च भएको बताए (Nagarik Network, 2018) । दुवै जनाले निर्वाचन आयोगमा तोकिएको खर्च सिमा भित्रै रहेर विवरण बुझाए । वास्तविक खर्च (सिमा भन्दा माथि) बुझाउँदा निर्वाचन कानुन र निर्वाचन आचार संहिताको उल्लङ्घन गरेको ठहर हुने र उम्मेदवारी नै रद्द हुनेसम्मको कानुनी अवस्था रहेकाले कसैलै पनि सदाचार प्रदर्शन गर्ने आँट गर्दैनन् ।

३३ निर्वाचन आयोगको विज्ञप्ति, २०८० वैशाख २८

# सूचना सदाचारको प्रभाव र आयाम

| विश्लेषणका चर | प्रकरण १ | प्रकरण २ | प्रकरण ३ |
|---|---|---|---|
| सूचना सामग्री | जिम्मेवार व्यक्तिबाट हतारमा सूचना सार्वजनिक । भोलिपल्टै उनै व्यक्तिबाट सूचना सत्य नभएको खण्डन । | कम्तीमा ५ वटा तथ्यपरक विषयमा भ्रामक विवरण । | प्रक्रियागत सबै कुरा सत्य । व्यवहारमा निर्वाचन खर्च अविश्वसनीय । तोकिएको सीमा भन्दा खर्च ज्यादा हुने आमबुझाइ । |
| प्रक्रिया | बढ्दो अन्तर्राष्ट्रिय चासोबाट हतारिएको आभाष । प्रक्रियामा कुनै कमजोरी थिएन । | सीमित स्रोतका आधारमा समाचार प्रस्तुत । | आयोगको आदेश पालना कागजीरूपमा अधिकांशले समयमै सम्पन्न गर्ने गरेको । |
| प्रणालीको विश्वसनीयता | सूचना सही नभएकाले प्रणालीमाथिको भरोसा धुमिल भएको । | तथ्यगत विवरणहरु नै भ्रामक हुँदा विश्वसनीयता कमजोर हुने । | कानुनको पालना । खर्च विवरण अपत्यारिलो । विशेषज्ञबाट लेखापरीक्षण गराउने काम सराहनीय । |
| स्थिरता | मन्त्रीलाई जसले सूचना दियो, त्यसको थप जिम्मेवारी लिन नसकेकाले सूचनाको स्थिरता नदेखिएको । | गापाको नामबाहेक अन्य भ्रामक विवरण नसच्याइएकाले आफ्नो समाचार स्थिर रहेको देखाउन खोजिएको । | भरपर्दो सूचनाविना स्थिरता कायम नहुने । घोषणा गरिएका कामलाई निरन्तर पूर्णता दिएमा स्थिरता कायम हुने । |
| तथ्याङ्क (डेटा) गुणस्तर | नभएको । | आँकडा र विवरण तथ्यपरक नभएको । | आंशिकरूपमा कायम रहेको । |
| शुद्धता | तत् क्षणका लागि पूरै मिथ्या सूचना प्रवाह भएको । यसबाट विकार वा प्रदूषित सूचना प्रवाहमा टेवा पुगेको । | समाचारमै आधारित भएर गरिएका टिप्पणीले विकार सूचना उत्पादन गरेको । | सूचनाको शुद्धता भन्दा मिथ्या आँकडा लिने/दिने गरिँदा प्रक्रिया र अभ्यासमाथि नै शङ्का । |

# निष्कर्ष

यस अध्ययनले सूचना सदाचार र सूचनाको हकको पक्षपोषणप्रति सरकार, सार्वजनिक निकायमा रहेका पदाधिकारी, मिडिया र सूचना सम्प्रेषण प्रक्रिया अनि तिनले दिने सूचनामा समस्या रहेको देखाएको छ । जसले गर्दा सूचनामा पूर्णरूपमा भर पर्न सकिने अवस्था छैन । यस्तै सूचना सदाचारको मानकका रूपमा हेर्दा सूचनाको सामग्री उत्पादन, त्यसको प्रक्रिया, यसले पार्ने प्रणालीको विश्वसनीयतामा प्रभाव, सूचनाको स्थिरता, तथ्याङ्कको गुणस्तर र शुद्धतामा पनि समस्या छन् । कतिपय मिथ्या, भ्रामक र संस्थागतरूपमा अविश्वसनीय सूचना उत्पादन हुँदा सरकारी र मिडिया क्षेत्रबाट उत्पादन हुने सूचनाको विश्वसनीयतामा प्रश्न उठेको छ ।

सूचना सदाचारले सूचनाको विश्वसनीयता, सन्तुलन र पूर्णतालाई जनाउँछ । जहाँ नागरिकको सरकारी क्रियाकलापहरु, राजनीतिक अभिनेताहरूको क्रियाकलाप, उनीहरूको धारणा र निर्णय प्रक्रियामा पहुँच हुनुपर्छ । तर अध्ययनले सूचनाको स्थिरता नभएको, छोटो समयमै परस्पर खण्डित सूचना प्रवाह गरिएको, सूचना प्रवाहमा कर्मचारीको निपूर्णता नभएको, सूचना सङ्कलन र तयारीमा हेलचेक्र्याइँ गरिएको, तथ्यगत त्रुटि धेरै रहेको, गल्ती सच्याउने तत्परता सीमित मात्रामा रहेको र कानुनी प्रक्रिया पूरा गर्ने नाममा उम्मेदवारहरूले खर्चको विवरण हेरफेर गरी बुझाएको देखाउँछ ।

एकातर्फ सूचनाको हकसम्बन्धी ऐनले राज्यका काम कारबाही खुला र पारदर्शी बनाइ नागरिकको सुसूचित

हुने हकलाई प्रत्याभूत गराउने मुख्य लक्ष्य राखेको छ भने अर्कोतर्फ सूचना सदाचारले सूचनाको स्वस्थ पारिस्थितिक प्रणाली (healthy information ecosystem) कायम राख्न जोड दिएको छ । यी दुवै पक्षप्रति सबै सचेत र गम्भीर बन्न जरूरी छ ।

## सुझाव

- समयसापेक्ष निर्वाचन कानुनमा सुधार, आवश्यकताअनुसार सूचनाको सुरक्षा तथा वर्गीकरण र तथ्याङ्क व्यवस्थापनका लागि नयाँ कानुन तर्जुमा गर्न आवश्यक देखिन्छ ।
- सार्वजनिक निकायलाई सार्वजनिक महत्वका सूचना स्वतः प्रकाशन गर्न प्रोत्साहन गर्ने र कानुनलाई व्यावहारि कस्र्पमा लागु गर्न आवश्यक छ ।
- आफ्नो विश्वसनीयता वृद्धि गर्न मिडियाले तथ्य र प्रमाणका आधारमा समाचार सामग्री प्रकाशन तथा प्रसारण गर्नुपर्छ ।
- मिडियामा प्रकाशित र प्रसारण भएका सामग्रीमा त्रुटि भए तिनीहरूलाई सच्याउने तत्परता देखाउनुपर्छ र पत्रकार आचारसंहिता पालना गर्नुपर्छ ।
- सूचना सदाचार कायम गर्नका लागि यस क्षेत्रमा क्रियाशील संस्थाहरूलाई अनुकूल वातावरण निर्माण गरिदिनुपर्छ ।
- मिडिया र सूचना साक्षरताबारे सचेतना अभियान सञ्चालन गर्नुपर्छ ।

## सन्दर्भ सामग्री

ढकाल, अमित (२०८० वैशाख १) । धन्यवाद रास्वपा, के हामी राजनीतिको व्यापक सुधारका लागि तयार छौं ? सेतोपाटी डट कम । https://www.setopati.com/opinion/299583

निर्वाचन आयोग (२०८० वैशाख २८) । लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा । https://election.gov.np/admin/public//storage/Bi-Election/nn/IMG_1609.jpeg

नेपाली सेना (२०७९)। सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) को विवरण । https://www.nepalarmy.mil.np/page/rights_to_information

परराष्ट्र मन्त्रालय (२०७९) । स्वतः प्रकाशन कार्तिक-पुस २०७९ । https://mofa.gov.np/wp-content/uploads/2023/02/%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF-Kartik-Poush.pdf)।

पौडेल, श्रीराम (२०८०, जेठ ३२) । प्रधानमन्त्री कार्यालयमै सूचना लिन सकस ! । पहिलोपोस्ट डट कम । https://pahilopost.com/content/20230615113441.html

पौडेल, श्रीराम (२०७८, पुस) । नेपालमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थिति । सेन्टर फर मिडिया रिसर्च, नेपाल ।

मिश्र, सविन (२०७२, वैशाख ३०) । अमेरिकी सेनाको हेलिकोप्टर दोलखाको सिङ्गटीमा भेटियो, दुई नेपालीसहित ८ जना सकुशल । पहिलोपोस्ट डट कम । https://www.pahilopost.com/content/-4114.html

रमेश कुमार (२०७८ मङ्सिर १५) । पैसाको दलदलमा दल । हिमाल खबर डट कम । https://www.himalkhabar.com/news/126883

Election Observation Committee Nepal (2018). Study on the Election Campaign Finance Local, Provincial and Federal Elections in Nepal 2017. https://asiafoundation.org/wp-content/uploads/2018/10/Study-on-Election-Campaign-Finance-Election-Observation-Committee-Nepal.pdf

Garson, G. D. (2002). Case study research in

public administration and public policy: Standards and strategies. *Journal of Public Affairs Education.* 8(3) 209-216

Geisler, E., Prabhaker, P. & Nayar, M. (2003). *Information integrity: An emerging field and the state of knowledge.* Conference paper. Conference on Management of Engineering and Technology Management for Reshaping the World, 2003. Doi: 10.1109/PICMET.2003.1222797

Kharel, P. (2012). *Media for participatory democracy.* Kamala Kharel.

King, G., Keohane, R. O. & Verba, S. (1994). *Designing social inquiry.* Princeton University Press.

Meiklejohn, A. (1948). *Free speech and its relation to self-government.* Harper Brothers Publishers.

Nagarik Network. (2018, Dec 27, 42.00-42.43). Nagarik Frontline with Shashank Koirala [Video]. YouTube. https://youtu.be/1HvWffGf7BY

Naib, S. (2011). *The right to information Act, 2005: A handbook.* Oxford University Press.

Pathak, T. P. (2018). Campaign finance and its implication for state policy in Nepal. *Studies in Nepali History and Society* 23 (1), 129-172.

Paudel, S. (2023). *Right to information policy implementation in Nepal.* Tribhuvan University [PhD Dissertation]. Unpublished report.

UNDP (2020). *Polluting Hearts and Minds: The lessons learned from mapping information pollution across 8 country contexts.* https://www.undp.org/policy-centre/oslo/publications/lessons-learned-mapping-information-pollution

UNDP (2022). Mapping and analysis of efforts to counter information pollution. UNDP Oslo Governance Centre.

UNDP (2022, February). *UNDP strategic guidance: Information integrity: Forging a pathway to Truth, Resilience and Trust.* p. 4

W. Claire & Hossein D. (2017). *Information Disorder.* Council of Europe Report. https://rm.coe.int/information-disorder-report-version-august-2018/16808c9c77

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org